आज मिति २०७६ साल चैत्र १८ गते मंगलबारका दिन विहान ९:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंको अध्यक्षतामा बसेको ४५ औं गाउँ कार्यपालिकाको आकस्मिक बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री बखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित बहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य बहादुर रुम्बा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | |
| १४ | श्री बुद्धिमाया बोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

प्रस्तावहरु :

१. कोरोनो नियन्त्रण विपद व्यवस्थापन कोष निर्माणका सम्बन्धमा ।
२. कोरोना प्रभावितलाई राहत वितरण कार्यविधि २०७६ अनुमोदन सम्बन्धमा ।
३. क्वारेन्टाइन निर्माण सम्बन्धमा ।
४. मकवानपुर जिल्ला कोरोना विपद व्यवस्थापन कोषमा सहयोग रकम जम्मा गर्ने सम्बन्धमा ।
५. १५ शैयाको अस्पतालको प्राविधिक स्पेशिफिकेशन स्विकृती सम्बन्धमा ।
६. कारोना नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा प्रहरीलाई दिइने सुविधाका सम्बन्धमा ।
७. कृषि, पशूजन्य उत्पादन, बजारीकरण र उपभोग्य सामाग्री ढुवानीका सम्बन्धमा ।
८. ज्यालादारी परिवार छनौट र राहत वितरण सम्बन्धमा ।
९. प्रत्येक वडामा उपभोग्य सामाग्री दिने २ देखि ३ वटा पसल र १ वटा खाद्य सामाग्री ढुवानी गर्ने गाडिलाई पास उपलब्ध गराउने ।
१०. विविध सम्बन्धमा ।

छलफल तथा निर्णयहरु

१. कोरोनो नियन्त्रण विपद व्यवस्थापन कोष निर्माणका सम्बन्धमा ।

कोभिड-१९ कोरोना भाइरसको संक्रमण विश्वव्यापी रुपमा बढ्दै गईरहेको सन्दर्भलाई मध्यनजर राख्दै यस गाउँपालिका भित्र संक्रमण जोखिमलाई निणन्त्रण गर्न एक कोरोना विपद व्यवस्थापन कोष निर्माण गर्ने निर्णय गरियो । उक्त कोषमा यस गाउँपालिकाका जनप्रतिनिधिहरुले आफूले मासिक रुपमा पाउने रकमको १५ दिन बराबरको पारीश्रमिक सुविधा जम्मा गर्ने निर्णय गरियो । साथै उक्त कोषमा रकम जम्मा गर्न चाहने सबै सामाजिक संघ संस्था, उद्योग, निकाय तथा व्यक्तिहरुलाई सहयोग स्वरुप रकम जम्मा गर्नका लागि आव्हान समेत गर्ने निर्णय गरियो ।

२. कोरोना प्रभावितलाई राहत वितरण कार्यविधि, २०७६ अनुमोदन सम्बन्धमा ।

लकडाउनको अवधिमा स्थानीय क्षेत्रमा दैनिक ज्यालादारी गरेर गुजारा गर्ने यस गाउँपालिका क्षेत्रभित्रका स्थायी बासिन्दालाई राहतस्वरुप दैनिक आवश्यक पर्ने खाद्यान्नका सामाग्रीहरु विधिसम्मत ढंगले उपलब्ध गराउन कार्यपालिकामा पेश भएको कोरोना प्रभावितलाई राहत वितरण कार्यविधि, २०७६ अनुमोदन गर्ने निर्णय गरियो ।

३. क्वारेन्टाइन निर्माण सम्बन्धमा ।

बाहिरी देशबाट आउने तथा बाहिरी जिल्लाबाट आउने यस गाउँपालिकाका स्थायी बासिन्दाहरु तथा नागरिकहरुलाई कोरोनाको संक्रमणको जोखिमबाट बचाउन यस गाउँपालिकाको वडा नं. २, शिखरकटेरीको चण्डिका माध्यामिक विद्यालय र वडा नं. ६ स्थित वागदलीको इश्वरी प्राथमिक विद्यालयमा कूल १० शैयाको क्यारेन्टाइन निर्माण गर्ने निर्णय गरियो । साथै लकडाउन अवधिको

पूर्ण पालना गर्न गराउन प्रचार प्रसार मार्फत सम्बन्धित सबै लाई सचेतनालाई तिव्रता दिने निर्णय गरियो ।

**४. मकवानपुर जिल्ला कोरोना विपद व्यवस्थापन कोषमा सहयोग रकम जम्मा गर्ने सम्बन्धमा ।**

कोरोना भाइरसको संक्रमण जोखिमलाई नियन्त्रण गर्न तथा आवश्यक व्यवस्थापन गर्नका लागि मकवानपुर जिल्ला स्थित गठन गरिएको कोरोना विपद व्यवस्थापन कोषलाई रु. २ लाख रकम सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**५. १५ शैयाको अस्पतालको प्राविधिक स्पेशिफिकेशन स्विकृती सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं. ५ स्थित डुम्रेकुनामा निर्माण हुने १५ शैयाको अस्पतालको विस्तृत परियोजना प्रतिवेदनमा रु. २ करोड भन्दा बढि लागत अनुमान तयार भएकोले र उक्त अस्पतालको बहुवर्षीय अर्थात ३ वर्षीय ठेक्का खोल्नको लागि कार्यपालिका समक्ष प्रस्तावित भएको उक्त अस्पतालको प्राविधिक स्पेशिफिकेशनमाथि आवश्यक छलफल गरि स्विकृत गर्ने निर्णय गरियो ।

**६. कारोना नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा प्रहरीलाई दिइने सुविधाका सम्बन्धमा ।**

कोरोना भाइरस संक्रमणको जोखिम नियन्त्रणमा अहोरात्र खटिने यस गाउँपालिका तथा सबै वडाका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत स्वास्थ्यकर्मीहरु तथा गाउँपालिकाभित्रको प्रहरी चौकीमा कार्यरत प्रहरी कर्मचारीहरुलाई लकडाउनको अवधि भरका लागि लागू हुने गरी देहाय बमोजिमको पारिश्रमिक सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

- प्रहरी कर्मचारीहरुलाई दैनिक खाना तथा खाजा खर्च प्रतिव्यक्ति रु. ५००।- का दरले हुन आउने रकम ।
- लकडाउन अवधि भर सिल्ड गरिएको वडा नं. ३ को मक्रान्चुली, वडा नं. ४ को बन्दाडाँडा, वडा नं. १ को लेनडाँडा र वडा नं. २ को शिखरकटेरीमा हेल्थ डेस्क सञ्चालनार्थ खटिने ३ देखि ४ जनाको कर्मचारी तथा प्रहरीको टिमलाई खाजा खर्चबापत प्रतिव्यक्ति रु. ५००।-, टोलविकास संस्थाका सदस्यहरुलाई खाजा बापत दैनिक प्रति टिम रु. ५००।- उपलब्ध गराउने ।
- प्रचार प्रसार तथा अभियानमा हिड्ने प्रहरीलाई खाजा खर्च बापत प्रति टिम रु. ५००/- र अभियानमा खटिने प्रहरीलाई आवश्यकत्ता अनुसार सवारी साधन पेट्रोल कुपन उपलब्ध गराउने ।

**७. कृषि, पशूजन्य उत्पादन, बजारीकरण तथा उपभोग्य सामाग्रीमा आएको समस्याका सम्बन्धमा ।**

यस गाउँपालिकाभित्र उत्पादन हुने कृषि तथा पशूजन्य सामाग्री तथा उपभोग्य सामाग्रीहरुको उत्पादन, बजारीकरण तथा उपभोग्य सामाग्रीको विक्रिवितरणमा किसानहरुलाई समस्या सृजना भएको सन्दर्भमा दूग्ध जन्य उत्पादन तथा वितरण, पशूदाना चोकर तथा परालको सहज आपूर्तीका

तथा ढुवानीलाई व्यवस्थित तथा सहज बनाउन सम्बन्धित निकायलाई आवश्यक पहल गर्ने निर्णय गरियो ।

**८. ज्यालादारी परिवार छनौट र राहत वितरण सम्बन्धमा ।**

उल्लेखित कोरोना प्रभावितलाई राहत वितरण कार्यविधि, २०७६ बमोजिम ज्यालादारी परिवार छनौट तथा राहत वितरणका सन्दर्भमा सोही कार्यविधिको दफा ४ मा गठीत ज्यालादारी परिवार छनौट तथा अनुगमन समितिले कार्यविधिको दफा ५ मा तोकिएको मापदण्ड बमोजिम ज्यालादारी परिवार छनौट गरी यसै मिति २०७६ चैत्र २१ भित्र यस गाउँपालिकामा रेकर्ड पेश गर्न लगाउने निर्णय गरियो ।

**९. प्रत्येक वडामा उपभोग्य सामाग्री दिने २ देखि ३ वटा पसल र १ वटा खाद्य सामाग्री ढुवानी गर्ने गाडिलाई पास उपलब्ध गराउने**

कोरोना भाइरस संक्रमणबाट हुने सक्ने जोखिम नियन्त्रणका लागि सवारी साधन तथा मोटरसाइकलनको अनावश्यक आवागमनलाई नियन्त्रण गर्न तथा लकडाउन अवधिको प्रभावकारी रुपमा कार्यान्वयन गराउने सन्दर्भमा उपभोग्य सामाग्रीको उपलब्धतालाई सुनिश्चित गरी तत्काल अभावको अवस्था श्रृजना हुन नदिनका लागि प्रत्येक वडामा उपभोग्य सामाग्री विक्रिवितरण गर्ने २ देखि ३ वटा पसल र प्रत्येक वडामासामाग्री ढुवानी गर्ने कम्तिमा एउटा चार पाग्रें सवारी साधनलाई पास उपलब्ध गराउने निर्णय गरियो ।

**१०. विविध सम्बन्धमा ।**

विविध विषयहरु नभएकाले आजको बैठक १२:३० बजे समापन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत